# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ६७) काठमाडौं, श्रावण २५ गते, २०७४ साल (संख्या २०


## भाग ३

### नेपाल सरकार
### भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको सूचना

नेपाल सरकारले सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १७८ ले दिएको अधिकार प्रयोग गरी सो ऐनको अनुसूची-२ को सट्टा देहायको अनुसूची-२ राखी हेरफेर गरेको छ :-

"अनुसूची - २

(दफा ६, ७, ८, ९, १० र ११ सँग सम्बन्धित)

सवारीको नम्बर प्लेट

भाग-१ साधारण सवारी नम्बर प्लेट

खण्ड (क)

सार्वजनिक सवारी (दफा ६ को उपदफा (५) सँग सम्बन्धित)

कालो प्लेटमा सेतो अक्षर र अङ्कमा हुनु पर्नेछ ।

तर अब उप्रान्त बागमती अञ्चलभित्र दर्ता गरी काठमाडौं उपत्यकाको चक्रपथ र चक्रपथ बाहिर भाडामा

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

चलाईने टेम्पो र माइक्रोबसको नम्बर प्लेट सेतो प्लेटमा कालो अक्षर र अङ्कमा राख्नु पर्नेछ ।

खण्ड (ख)

पर्यटक सवारी (दफा ७ को उपदफा (२) सँग सम्बन्धित)

हरियो प्लेटमा सेतो अक्षर र अङ्कमा हुनु पर्नेछ ।

खण्ड (ग)

निजी सवारी (दफा ८ को उपदफा (३) सँग सम्बन्धित)

रातो प्लेटमा सेतो अक्षर र अङ्कमा हुनु पर्नेछ ।

खण्ड (घ)

सरकारी सवारी (दफा ९ को उपदफा (२) सँग सम्बन्धित)

सेतो प्लेटमा रातो अक्षर र अङ्कमा हुनु पर्नेछ ।

खण्ड (ङ)

सङ्गठित संस्था वा संस्थानको सवारी (दफा १० को उपदफा (२) सँग सम्बन्धित)

पहेँलो प्लेटमा निलो अक्षर र अङ्कमा हुनु पर्नेछ ।

खण्ड (च)

कुटनीतिक सवारी (दफा ११ को उपदफा (२) सँग सम्बन्धित)

निलो प्लेटमा सेतो अक्षर र अङ्कमा हुनु पर्नेछ ।

द्रष्टव्यः

१. राष्ट्रपति चढ्ने सवारी साधनको नम्बर प्लेट नेपाल सरकारले तोके बमोजिम हुनेछ ।
२. उपराष्ट्रपति, प्रधानमन्त्री, प्रधान न्यायाधीश, व्यवस्थापिका-संसदका सभामुख तथा उपसभामुख र मन्त्रिपरिषद्का सदस्यहरु चढ्ने सरकारी सवारी साधनको नम्बर प्लेटको माथिल्लो आधा भाग र तल्लो आधा भाग क्रमशः रातो र निलो रङ्गको पृष्ठभूमिमा सेतो रङ्गको अक्षर र अङ्क हुनु पर्नेछ ।
३. सबै किसिमका ठूला तथा मझौला सवारीहरुको नम्बर प्लेटको साईज १४"×८", साना सवारी मध्ये चार पाङ्ग्रेको नम्बर प्लेटको साईज १२"×७", तीनपाङ्ग्रे टेम्पो आदिको नम्बर प्लेटको साईज



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१०"×७" र दुई पाङ्ग्रे मोटरसाईकल, स्कुटर आदिको नम्बर प्लेटको साईज ८"×५" हुनु पर्नेछ ।

४. नम्बर प्लेटमा लेखिने अक्षर र अङ्क ठूला तथा मझौला सवारीहरुको प्लेटमा कम्तीमा ३" अग्लो र १/२" मोटो, सानो सवारीमा चारपाङ्ग्रे तथा तीनपाङ्ग्रे टेम्पो आदिको २" अग्लो र १/२" मोटो र मोटरसाईकल, स्कुटर आदिको २" अग्लो र ३/८"मोटो हुनु पर्नेछ ।

५. नम्बर प्लेटको चारैतिर १/२" (मोटरसाइकल, स्कुटर आदिको प्लेटमा १/४") छाडेर अङ्क र अक्षर लेख्नु पर्नेछ । अङ्क र अक्षरको बीचको दूरी कम्तीमा पनि १/४" तथा तल्लो र माथिल्लो लाइनको दूरी कम्तीमा १/२" पनि हुनु पर्नेछ ।

भाग-२ <u>इम्बोस्ड सवारी नम्बर प्लेट</u>

खण्ड (क)

सार्वजनिक सवारी (दफा ६ को उपदफा (५) सँग सम्बन्धित)

पहेंलो प्लेटमा कालो अक्षर र अङ्कमा हुनु पर्नेछ ।

खण्ड (ख)

पर्यटक सवारी (दफा ७ को उपदफा (२) सँग सम्बन्धित)

पहेंलो प्लेटमा कालो अक्षर र अङ्कमा हुनु पर्नेछ ।

खण्ड (ग)

निजी सवारी (दफा ८ को उपदफा (३) सँग सम्बन्धित)

सेतो प्लेटमा कालो अक्षर र अङ्कमा हुनु पर्नेछ ।

खण्ड (घ)

सरकारी सवारी (दफा ९ को उपदफा (२) सँग सम्बन्धित)

सेतो प्लेटमा रातो अक्षर र अङ्कमा हुनु पर्नेछ ।

खण्ड (ङ)

सङ्गठित संस्था वा संस्थानको सवारी (दफा १० को उपदफा (२) सँग सम्बन्धित)

सेतो प्लेटमा रातो अक्षर र अङ्कमा हुनु पर्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

खण्ड (च)

कुटनीतिक सवारी (दफा ११ को उपदफा (२) सँग सम्बन्धित)
सेतो प्लेटमा निलो अक्षर र अङ्कमा हुनु पर्नेछ ।

द्रष्टव्यः

१. राष्ट्रपति चढ्ने सवारी साधनमा प्रयोग हुने प्लेटको बायाँपट्टि डिजाइन र रेखाचित्र (ड्रइङ्ग)  बमोजिम गौरवमयी नेपाली झण्डा, झण्डामुनि माथिबाट हल्का निलो रङ्ग हुँदै तल गाढा निलो रङ्ग भएको ग्र्याडिएन्ट इन्सक्रिप्सन सहितको एरियल बोल्ड फन्टमा अंग्रेजी क्यापिटल अक्षरको एनइपी (NEP), एनइपी अक्षर मुनि लालीगुँरासको आकृति उल्लेखित क्रोमियम आधारित वर्गाकार होलोग्राम र होलोग्राममा सात (डिजिट) अङ्कको सिरियल नम्बर, रङ्गिन नेपालको निशाना छाप, प्लेटको दायाँ तलपट्टी लेसर इन्ग्रेभ्ड सात (डिजिट) अङ्कको सिरियल नम्बर, प्लेटको दायाँपट्टि नेपाली झण्डा, सेक्यूरिटि फिचर्स (श्याम्-श्वेत् अंग्रेजी क्यापिटल अक्षरको एनपीएल (NPL), श्याम्-श्वेत् सानो आकारको निशाना छाप), प्लेटको पछाडि पट्टि उत्पादनकर्ताको नाम, उत्पादन मिति, समय, गुणस्तर एस्योरेन्स नम्बर आदिको डाटा इन्पुट सहितको प्रिन्टेड बारकोड एवं डिजाइन  र रेखाचित्र (ड्रइङ्ग) संलग्न हुनु पर्नेछ।

२. उपराष्ट्रपति, प्रधानमन्त्री, प्रधान न्यायाधीश, व्यवस्थापिका-संसदका सभामुख तथा उपसभामुख र मन्त्रिपरिषद्का सदस्यहरु चढ्ने सरकारी सवारी साधनको इम्बोस्ड नम्बर प्लेट सेतो प्लेटमा रातो रङ्गको अक्षर र अङ्कमा हुनु पर्नेछ ।

३. खण्ड (क) देखी खण्ड (ङ) सम्मका सवारी साधनहरुमा प्रयोग हुने इम्बोस्ड नम्बर प्लेटको बायाँपट्टि डिजाइन  र रेखाचित्र (ड्रइङ्ग) बमोजिम गौरवमयी नेपाली झण्डा, झण्डामुनि माथिबाट हल्का निलो रङ्ग हुँदै तल गाढा निलो रङ्ग भएको ग्र्याडिएन्ट इन्सक्रिप्सन सहितको एरियल बोल्ड फन्टमा अंग्रेजी क्यापिटल अक्षरको एनइपी (NEP), एनइपी अक्षरमुनि लालिगुँरासको आकृति उल्लिखित



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

क्रोमियम आधारित वर्गाकार होलोग्राम र होलोग्रामको बीचमा सात (डिजिट) अङ्कको सिरियल नम्बर, प्लेटको दायाँ तलपट्टी लेसर इन्ग्रेभ्ड सात (डिजिट) अङ्कको सिरियल नम्बर, सेक्यूरिटि फिचर्स (श्याम्-श्वेत् अंग्रेजी क्यापिटल अक्षरको एनपीएल (NPL), श्याम्-श्वेत् सानो आकारको निशाना छाप), प्लेटको पछाडि पट्टि उत्पादनकर्ताको नाम, उत्पादन मिति, समय, गुणस्तर एस्योरेन्स नम्बर आदिको डाटा इन्पुट सहितको प्रिन्टेड बारकोड एवं डिजाइन र रेखाचित्र (ड्रइङ्ग) संलग्न हुनु पर्नेछ ।

तर सानो (दुई पाङ्ग्रे) सवारी साधनको अगाडिपट्टि प्रयोग हुने नम्बर प्लेटको भने दायाँपट्टी माथि कुनामा लेसर इन्ग्रेभ्ड सात (डिजिट) अङ्कको सिरियल नम्बर उल्लेख हुनु पर्नेछ ।

४. खण्ड (च) मा उल्लेखित कूटनीतिक सवारी साधनहरुमा प्रयोग हुने इम्बोस्ड नम्बर प्लेटमा हुनु पर्ने अक्षर, अङ्क, सेक्यूरिटि फिचर्स लगायतका अन्य विवरणहरु विभागले तोके बमोजिम हुनेछ ।

५. ठूलो सवारी, मझौला तथा सानो (चार पाङ्ग्रे) सवारी, सानो (तीन पाङ्ग्रे) सवारी र सानो (दुई पाङ्ग्रे) सवारी साधनको अगाडि र पछाडि प्रयोग गर्ने नम्बर प्लेटको साइज देहाय बमोजिम हुनेछः-

| सि.नं. | सवारीको वर्गीकरण | नम्बर प्लेटको साईज (अगाडि) | नम्बर प्लेटको साईज (पछाडि) |
|---|---|---|---|
| १. | ठूलो सवारी | ५२०x११० मिलीमिटर | ३४०x२०० मिलीमिटर |
| २. | मझौला तथा सानो (चार पाङ्ग्रे) सवारी | ४३०x११० मिलीमिटर | २८०x१८० मिलीमिटर |
| ३. | सानो (तीन पाङ्ग्रे) सवारी | २४०x१३० मिलीमिटर | २४०x१३० मिलीमिटर |
| ४. | सानो (दुई पाङ्ग्रे) सवारी | ३००x८० मिलीमिटर | २४०x१३० मिलीमिटर |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६. ठूलो सवारी, मझौला तथा सानो (चार पाङ्ग्रे) सवारी, सानो (तीन पाङ्ग्रे) सवारी र सानो (दुई पाङ्ग्रे) सवारी साधनको अगाडि र पछाडि प्रयोग गर्ने नम्बर प्लेटमा लेखिने अक्षर र अङ्कको उचाई, चौडाई र तिनीहरु बीचको दूरी मिलीमिटर (मी.मी.) मा देहाय बमोजिम हुनेछः-

| सि.नं. | सवारीको वर्गीकरण | अक्षरको उचाई र चौडाई (अगाडि) | अङ्कको उचाई र चौडाई (अगाडि) | अक्षरको उचाई र चौडाई (पछाडि) | अङ्कको उचाई र चौडाई (पछाडि) | अक्षर र अक्षर बीचको दूरी (अगाडि र पछाडि) | अङ्क र अङ्क बीचको दूरी (अगाडि र पछाडि) |
|---|---|---|---|---|---|---|---|
| १. | ठूलो सवारी | उचाई ५५ र चौडाई ३५ | उचाई ५५ र चौडाई ३२ | उचाई ६५ र चौडाई ४१.५ | उचाई ६५ र चौडाई ३९ | अगाडि ८ पछाडि ८.५ | अगाडि ८ पछाडि ८ |
| २. | मझौला तथा सानो (चार पाङ्ग्रे) सवारी | उचाई ५५ र चौडाई ३५ | उचाई ५५ र चौडाई ३२ | उचाई ५५ र चौडाई ३५ | उचाई ५५ र चौडाई ३२ | अगाडि ८ पछाडि ८ | अगाडि ८ पछाडि ८ |
| ३. | सानो (तीन पाङ्ग्रे) सवारी | उचाई ३४ र चौडाई २२ | उचाई ३४ र चौडाई २० | उचाई ३४ र चौडाई २२ | उचाई ३४ र चौडाई २० | अगाडि ८ पछाडि ८ | अगाडि ८ पछाडि ८ |
| ४. | सानो (दुई पाङ्ग्रे) सवारी | उचाई ३४ र चौडाई २२ | उचाई ३४ र चौडाई २० | उचाई ३४ र चौडाई २२ | उचाई ३४ र चौडाई २० | अगाडि ८ पछाडि ८ | अगाडि ८ पछाडि ८ |

७. ठूलो सवारी, मझौला तथा सानो (चार पाङ्ग्रे) सवारी र सानो (तीन पाङ्ग्रे) सवारी साधनहरुको अगाडि र पछाडि प्रयोग गर्ने नम्बर



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

प्लेटको चारैतिर १५ मिलीमिटर छाडेर अक्षर र अङ्क लेख्नु पर्नेछ ।

तर सानो (दुई पाङ्ग्रे) सवारी साधनको प्लेटमा १२ मिलीमिटर छाडेर अक्षर र अङ्क लेख्नु पर्नेछ ।

८. इम्बोस्ड सवारी नम्बर प्लेटको धातु न्यूनतम ९९% आल्मुनियम सब्सट्रेट, प्लेटको कडापना एच ४१ वा एच ४२, प्लेटको मोटाइ ०.९८± ०.०३ मिलीमिटर, सो प्लेटमा रेट्रोरिफ्लेक्टिभ शिट ल्यामिनेट एवं इएन ४८५ र इएन ५७३-३ बमोजिमको तथा अन्तर्राष्ट्रिय मापदण्ड आइएसओ ७५९१:१९८२ बमोजिमको हुनु पर्नेछ ।

९. बिहानीको सूर्यको किरण परेको लालिम सगरमाथाको तस्वीर उल्लेखित रेडियो फ्रिक्वेन्सी आइडेन्टिफिकेशन डिभाइस (आरएफआइडी) एन्टेना ८ देखि १० मीटरको दूरीबाटै रेडियो फ्रिक्वेन्सी आइडेन्टिफिकेशन डिभाइस (आरएफआइडी) रिडरले रिड गर्न सक्ने १०५ मिलीमिटर लम्बाई , ७० मिलीमिटर चौडाई र पोलिस्टर फिल्म कम्तीमा ५० माइक्रोनको ठूलो सवारी, मझौला तथा सानो (चार पाङ्ग्रे) सवारी र सानो (तीन पाङ्ग्रे) सवारी साधनहरुको अगाडिको विन्ड स्क्रिनमा जडान भएको हुनु पर्नेछ ।

तर सानो (दुई पाङ्ग्रे) सवारी साधनहरुको हकमा भने रेडियो फ्रिक्वेन्सी आइडेन्टिफिकेशन डिभाइस (आरएफआइडी) सिट ट्याग पछाडि पट्टिको नम्बर प्लेटमा जडान गर्नु पर्नेछ ।

१०. इम्बोस्ड भएको अक्षर र अङ्कमा हट स्टयाम्पिङ्ग फ्वाइललाई हट स्टयाम्पिङ्ग गर्दा ४५ डिग्रीको कोणमा ढल्कने गरी NEPAL DOTM शब्दावली एरियल बोल्ड फन्टमा उल्लेख हुनु पर्नेछ ।

११. स्टिल (क्लास ४.८) को गोलो टाउको भएको अन-हार्डेन्ड, मेसिन वन वे स्क्रु एउटा सवारी साधनका लागि चार वटा हुनु पर्नेछ ।

१२. इम्बोस्ड सवारी नम्बर प्लेटमा अक्षर र अङ्क अंग्रेजी लिपीमा हुनु पर्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१३. इम्बोस्ड सवारी नम्बर प्लेटमा प्रदेशको नामाङ्कन नभएसम्म हालकै अञ्चलको नाम उल्लेख गर्नु पर्नेछ तर प्रदेशको नामाङ्कन पश्चात विभागले तोके बमोजिम अञ्चलको नामको सट्टा प्रदेशको नाम उल्लेख गर्नु पर्नेछ ।


१४. विभागको सिफारिसमा भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको मिति र स्थानमा इम्बोस्ड सवारी नम्बर प्लेट सम्बन्धी व्यवस्था लागू गर्नेछ ।"

मुद्रण विभाग, सिंहदरबार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।


## दुईपाङ्ग्रे बाहेकका सवारी साधनमा प्रयोग हुने रेडियो फ्रिक्वेन्सी आइडेन्टिफिकेशन डिभाइस (आरएफआइडी) एन्टेना






आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# सवारी साधनको इम्बोस्ड नम्बरप्लेटको डिजाइन र रेखाचित्र (ड्रइङ्ग)




राष्ट्रपतिको सवारी साधनमा अगाडि प्रयोग हुने इम्बोस्ड नम्बरप्लेटको साइज र डाइमेन्सन




राष्ट्रपतिको सवारी साधनमा पछाडि प्रयोग हुने इम्बोस्ड नम्बरप्लेटको साइज र डाइमेन्सन



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।




Plate 430x110

राष्ट्रपतिको सवारी साधनमा अगाडि प्रयोग हुने इम्बोस्ड नम्बरप्लेट




Plate 280x180

राष्ट्रपतिको सवारी साधनमा पछाडि प्रयोग हुने इम्बोस्ड नम्बरप्लेट



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।




सरकारी सवारी साधन (ठूलो सवारी साधन चारपाङ्ग्रे) मा अगाडि प्रयोग हुने इम्बोस्ड नम्बरप्लेट




सरकारी सवारी साधन (ठूलो सवारी साधन चारपाङ्ग्रे) मा पछाडि प्रयोग हुने इम्बोस्ड नम्बरप्लेट



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।




सरकारी सवारी साधन (मझौला तथा साना चारपाङ्ग्रे) मा अगाडि प्रयोग हुने इम्बोस्ड नम्बरप्लेट




सरकारी सवारी साधन (मझौला तथा साना चारपाङ्ग्रे) मा पछाडि प्रयोग हुने इम्बोस्ड नम्बरप्लेट



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।




सरकारी सवारी साधन (सानो तीनपाङ्ग्रे) मा अगाडि प्रयोग हुने इम्बोस्ड नम्बरप्लेट





सरकारी सवारी साधन (सानो तीनपाङ्ग्रे) मा पछाडि प्रयोग हुने इम्बोस्ड नम्बरप्लेट



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।




सरकारी सवारी साधन (सानो दुईपाङ्ग्रे) मा अगाडि प्रयोग हुने इम्बोस्ड नम्बरप्लेट





सरकारी सवारी साधन (सानो दुईपाङ्ग्रे) मा पछाडि प्रयोग हुने इम्बोस्ड नम्बरप्लेट



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।




Non-commercial (निजी) सवारी साधन (ठूलो चारपाङ्ग्रे) मा अगाडि प्रयोग हुने इम्बोस्ड नम्बरप्लेट





Non-commercial (निजी) सवारी साधन (ठूलो चारपाङ्ग्रे) मा पछाडि प्रयोग हुने इम्बोस्ड नम्बरप्लेट



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।




Non-commercial (निजी) सवारी साधन (मझौला तथा साना चारपाङ्ग्रे) मा अगाडि प्रयोग हुने इम्बोस्ड नम्बरप्लेट




Non-commercial (निजी) सवारी साधन (मझौला तथा साना चारपाङ्ग्रे) मा पछाडि प्रयोग हुने इम्बोस्ड नम्बरप्लेट



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।




Non-commercial (निजी) सवारी साधन (साना तीनपाङ्ग्रे) मा अगाडि प्रयोग हुने इम्बोस्ड नम्बरप्लेट





Non-commercial (निजी) सवारी साधन (साना तीनपाङ्ग्रे) मा पछाडि प्रयोग हुने इम्बोस्ड नम्बरप्लेट



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।




Non-commercial (निजी) सवारी साधन (साना दुईपाङ्ग्रे) मा अगाडि प्रयोग हुने इम्बोस्ड नम्बरप्लेट




Non-commercial (निजी) सवारी साधन (साना दुईपाङ्ग्रे) मा पछाडि प्रयोग हुने इम्बोस्ड नम्बरप्लेट



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।




Commercial (सार्वजनिक) सवारी साधन (ठूला चारपाङ्ग्रे) मा अगाडि प्रयोग हुने इम्बोस्ड नम्बरप्लेट




Commercial (सार्वजनिक) सवारी साधन (ठूला चारपाङ्ग्रे) मा पछाडि प्रयोग हुने इम्बोस्ड नम्बरप्लेट



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।




Commercial (सार्वजनिक) सवारी साधन (मझौला तथा साना चारपाङ्ग्रे) मा अगाडि प्रयोग हुने इम्बोस्ड नम्बरप्लेट




Commercial (सार्वजनिक) सवारी साधन (मझौला तथा साना चारपाङ्ग्रे) मा पछाडि प्रयोग हुने इम्बोस्ड नम्बरप्लेट



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।




Commercial (सार्वजनिक) सवारी साधन (साना तीनपाङ्ग्रे)
मा अगाडि प्रयोग हुने इम्बोस्ड नम्बरप्लेट





Commercial (सार्वजनिक) सवारी साधन (साना तीनपाङ्ग्रे)
मा पछाडि प्रयोग हुने इम्बोस्ड नम्बरप्लेट



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।





Commercial (सार्वजनिक) सवारी साधन (साना दुईपाङ्ग्रे)
मा अगाडि प्रयोग हुने इम्बोस्ड नम्बरप्लेट




Commercial (सार्वजनिक) सवारी साधन (साना दुईपाङ्ग्रे)
मा पछाडि प्रयोग हुने इम्बोस्ड नम्बरप्लेट




आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।




कुटनीतिक सवारी साधनमा प्रयोग हुने इम्बोस्ड नम्बरप्लेट



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।





मुद्रण विभाग, सिंहदरबार

कुटनीतिक सवारी साधनमा प्रयोग हुने इम्बोस्ड नम्बरप्लेट




आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।





सबै प्रकृतिका ठुला सवारी साधन (चारपाङ्ग्रे) मा अगाडि प्रयोग हुने इम्बोस्ड नम्बरप्लेटको साइज र डाइमेन्सन



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।




सबै प्रकृतिका ठुला सवारी साधनमा पछाडि प्रयोग हुने इम्बोस्ड
नम्बरप्लेटको साइज र डाइमेन्सन





Rear View



मुद्रण विभाग


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।




सबै प्रकृतिका मझौला तथा साना सवारी साधन (चारपाङ्ग्रे) मा अगाडि प्रयोग हुने इम्बोस्ड नम्बरप्लेटको साइज र डाइमेन्सन



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।




सबै प्रकृतिका मझौला तथा साना सवारी साधन (चारपाङ्ग्रे) मा पछाडि प्रयोग हुने इम्बोस्ड नम्बरप्लेटको साइज र डाइमेन्सन






Plate 280x180


Rear View



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।





सबै प्रकृतिका साना तीनपाङ्ग्रे सवारी साधनमा अगाडि/पछाडि प्रयोग हुने इम्बोस्ड नम्बरप्लेटको साइज र डाइमेन्सन





Rear View



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।





सबै प्रकृतिका साना दुईपाङ्ग्रे सवारी साधनमा अगाडि प्रयोग हुने
इम्बोस्ड नम्बरप्लेटको साइज र डाइमेन्सन





Rear View



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।




सबै प्रकृतिका साना दुईपाङ्ग्रे सवारी साधनमा पछाडि प्रयोग हुने इम्बोस्ड नम्बरप्लेटको साइज र डाइमेन्सन्




Rear View

आज्ञाले,
देवेन्द्र कार्की
नेपाल सरकारको सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रु. १५।-
गो.हु.द.नं. १६।२०६२।६३

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।